**सुझावपत्र:**

# 0 to 3 प्रारम्भिक सहयोग (अर्ली इन्टरभेन्सन)

## 0 देखि 3 वर्ष



**प्यारेन्ट एजुकेशन एण्ड एड्भोकेसी लिडरशिप सेन्टर**

PEAL CENTER

*शिक्षा तथा स्वास्थ्य स्याहारमा समावेश तथा पहुँचलाई प्रवर्द्धन गर्दै* | *PA भरिमा परिवार तथा युवा वयस्कहरूलाई सशक्त पार्दै*

## प्रारम्भिक सहयोग भनेको के हो ?

बालबालिकाहरूले हुर्कदै जाँदा जीवनको पहिलो तीन वर्षमा अनेकौं सीपहरूको विकास गर्छन् । कहिलेकाहीँ बच्चाले नयाँ सीपहरू विकास गरिरहेका छन् भनेर सुनिश्चित गर्न बच्चालाई विशेष मद्दत आवश्यक पर्छ ।

यदि तपाईं वा अरू कोही तपाईंको बच्चा वृद्धि तथा/वा सीप विकासका बारेमा चिन्तित हुनुहुन्छ भने मद्दत उपलब्ध छ ! ***यसलाई प्रारम्भिक सहयोग (अर्ली इन्टरभेन्सन) भनिन्छ ।***

प्रारम्भिक सहयोग (EI) सेवाहरू:

→ यी सेवाहरूले परिवार तथा बच्चाका आवश्यकता तथा प्राथमिकताहरूलाई पूरा गर्छन्

→ यी सेवाहरू परिवारहरूलाई निःशुल्क उपलब्ध गराइन्छ

→ यी सेवाहरूले परिवारलाई धेरै क्षेत्रहरूमा बच्चाको विकासका बारेमा बुझ्न र विकासलाई बढाउनमा मद्दत गर्छ:

- ☑ संज्ञानात्मक
- ☑ सञ्चार
- ☑ सामाजिक तथा भावनात्मक
- ☑ दृष्टि तथा श्रवण लगायत शारीरिक

### *को योग्य हुन्छ ?*

### *विकाससम्बन्धी ढिलाइ (सुस्तता) भनेको के हो ?*

***देहाय भएका शिशु तथा साना बालबालिकाहरू:***

- विकासका एक वा बढी क्षेत्रहरूमा 25 प्रतिशत ढिलाइ भएका
- वा, मूल्याङ्कनहरूमा नदेखिएको भएतापनि ढिलाइ रहेको छ भनेर विशेषज्ञद्वारा गरिएको निर्धारण भएका ( ***चित चिकित्सकीय राय*** भनिने)
- वा, विकाससम्बन्धी ढिलाइहरू हुने उच्च सम्भावना भएका ज्ञात शारीरिक वा मानसिक अवस्था (जस्तै कि डाउन सिन्ड्रोम)



## परिवारका लागि त्यसपछि के हुन्छ ? के अपेक्षा गर्न सकिन्छ ?

1. **रिफरल**—प्रारम्भिक सहयोग सेवाहरू (EI) मा पहुँच बनाउन तपाईंको बच्चालाई रिफर (सिफारिस) गर्न आवश्यक हुन्छ । परिवारको सदस्य, दिवा स्याहार/ प्रिस्कुल शिक्षक वा चिकित्सकद्वारा रिफरल गर्न सकिन्छ ।

2. **सेवा संयोजक**—सेवा संयोजक (सर्भिस कोर्डिनेटर) भनिने व्यक्तिलाई परिवारहरूलाई बुझ्नमा मद्दत गर्न र प्रारम्भिक सहयोग प्रणालीमा अगाडि बढ्नमा सहयोग गर्न एकमात्र सम्पर्क बिन्दुको रूपमा नियुक्त गरिन्छ ।

3. **स्क्रिनिङ तथा मूल्याङ्कन**—अभिभावकले अनिवार्य रूपमा ***लिखित मञ्जुरी*** उपलब्ध गराउनुपर्छ र विकाससम्बन्धी कुनै पनि सम्भावित ढिलाइहरू पहिचान गर्नका लागि ***स्क्रिनिङ*** गरिनेछ । यदि चिन्ताका क्षेत्रहरू भेटाइएमा ***पूर्ण मूल्याङ्कन*** पूरा गर्नका निम्ति तपाईंलाई लिखित मञ्जुरी उपलब्ध गराउन भनिनेछ । मूल्याङ्कनले बच्चा प्रारम्भिक सहयोग सेवाहरूका लागि योग्य हुन्छन्/हुन्छिन् कि हुँदैनन्/हुँदैनिन् भनेर निर्धारण गर्छ ।

4. **व्यक्तिकृत पारिवारिक सेवा योजना (Individualized Family Service Plan, IFSP)**—यदि तपाईंको बच्चा योग्य भएमा आमाबुबासहितको टोलीले व्यक्तिकृत सेवाहरूका लागि लिखित योजना तयार गर्छ । टोलीका सदस्यहरू तपाईंको बच्चालाई आवश्यक पर्ने विशिष्ट सहायता उपलब्ध गराउन सक्ने विभिन्न एजेन्सीहरूबाट आउन सक्छन् । बच्चाको आमाबुबा वा अभिभावकको रूपमा तपाईंसँग ***सूचित निर्णयकर्ता हुने अधिकार*** हुन्छ ।

**! *यो सम्पूर्ण प्रक्रियामा 45 दिनभन्दा बढीको समय लाग्नुहुँदैन ।***

यदि तपाईंको बच्चा योग्य नभएको पाइएमा तपाईंले अन्य विकल्पहरूका बारेमा विचार गर्न वा नतिजाको प्रतिवाद गर्न सक्नुहुनेछ । आफ्नो ***प्रक्रियागत सुरक्षाहरूको*** समीक्षा गर्नुहोस् ।

**! सुझाव:** तपाईंले आफ्नो बच्चालाई चिन्नुहुन्छ र तपाईं आफ्नो बच्चाको सबैभन्दा उत्कृष्ट पैरवीकर्ता हुन सक्नुहुन्छ ।

## व्यक्तिकृत पारिवारिक सेवा योजना (IFSP): परिवारका लागि त्यसपछि के हुन्छ ? तपाईंले के अपेक्षा गर्नुपर्छ ?

***IFSP लिखित योजना हो*** जसमा देहायका हुन्छन्:

- तपाईंका बच्चाका हालका सीपहरू, विकास तथा आवश्यकताहरू,
- मापन गर्न सकिने लक्ष्यहरू र लक्ष्यहरूसम्म पुग्ने समयसीमाहरू,
- सहयोग सेवाहरू तथा ती सहयोग सेवाहरू हुने वातावरणहरू,
- सेवाहरूको समयावधि,
- यदि आवश्यक भएमा ट्रान्जिसनको योजना, र
- योजना समीक्षा गर्ने मिति।

***सेवाहरू व्यक्ति अनुसार एकदमै फरक-फरक हुन्छन्।*** केही उदाहणहरूमा सहयोगमूलक प्रविधि, श्रव्य विज्ञान/श्रवण शक्ति, स्पीच तथा ल्याङ्ग्वेज (बोली तथा भाषा), परामर्श तथा प्रशिक्षण, चिकित्सकीय सेवाहरू, नर्सिङ सेवाहरू, पोषण सेवाहरू, अकुपेशनल थेरापी, शारीरिक थेरापी र मनोवैज्ञानिक सेवाहरू पर्दछन्।

***सेवाहरू प्राकृतिक वातावरणहरूमा उपलब्ध गराइनुपर्छ।*** यसको अर्थ अपाङ्गता नभएका बालबालिकाहरू सहभागी हुने वातावरणहरू हुन्छ, उदाहरणका लागि घर, दिवा स्याहार, नर्सरी, इत्यादि।

***आफ्नो बच्चाका लागि दीर्घकालीन सोच तयार गर्नुहोस् र त्यसलाई साझा गर्नुहोस्।*** दीर्घकालीन सोच कथन कसरी लेख्ने भनेर सिक्नुहोस्। तल उल्लेख गरिएको स्टुडेन्ट स्न्यापशुट (Student Snapshot) टुल प्रयोग गर्ने बारेमा विचार गर्नुहोस्।

तपाईंले ***योजनाका बारेमा कुनै पनि चिन्ताका कुरा तथा असहमतिहरूका बारेमा छलफल गर्न बैठकका लागि अनुरोध गर्न*** सक्नुहुन्छ।

## परिवारहरूका लागि महत्त्वपूर्ण कदमहरू

- ☑ आफ्ना चिन्ताका कुराहरू लेख्नुहोस्।
- ☑ स्थानीय श्रोतसाधनहरू पत्ता लगाउन वा प्रारम्भिक सहयोग सेवाहरूका लागि रिफरल गर्न CONNECT Helpline लाई 1-800-692-7288 मा फोन गर्नुहोस्।
- ☑ तपाईंले यस प्रक्रियासँग सम्बन्धित फोन कल तथा कागजपत्रहरू प्राप्त गर्नुहुनेछ। आफ्ना कागजपत्रहरू तथा सम्पर्क जानकारीलाई व्यवस्थित गर्ने तथा एकै ठाउँमा राख्ने तरिका निर्माण गर्नुहोस्। यो एकदमै महत्वपूर्ण हुन्छ !
- ☑ तपाईंले इमेल वा फोनबाट सञ्चारहरू चाहनुहुन्छ र तपाईंलाई आफ्नो मूल भाषामा कुनै पनि विशेष व्यवस्था वा दोभाषे सेवा तथा कागजपत्रहरू आवश्यक पर्छ कि भनेर सेवा प्रदायकहरूलाई जानकारी गराउनुहोस्।
- ☑ ***तपाईंको सहभागिता महत्त्वपूर्ण हुन्छ***—सञ्चार नै कुञ्जी हो !

## ट्रान्जिसन

तपाईंको बच्चा तीन वर्षको पुगेपछि उनी ***प्रारम्भिक सहयोग (अर्ली इन्टरभेन्सन) सेवाबाट प्रिस्कुल प्रारम्भिक सहयोग (प्रिस्कुल अर्ली इन्टरभेन्सन)*** सेवाहरूमा जानेछन्/जानेछिन्। यदि उनमा अझैं पनि विकाससम्बन्धी ढिलाइहरू रहिरहेमा र उनलाई विशेष शिक्षा सेवाहरू आवश्यक परेमा उनले ती सेवाहरू प्राप्त गर्न जारी राख्नेछन्/राख्नेछिन्।

तपाईंको बच्चाको तेस्रो जन्मदिनभन्दा कम्तीमा पनि 90 दिन पहिले तपाईंलाई आफ्नो बच्चाको ट्रान्जिसन बैठकमा सहभागी हुन अनुरोध गरिनेछ।

यदि योग्य भएको पाइएमा IFSP मा सेवाको अर्को तहका लागि तयार हुन क्रियाकलाप तथा समयसीमाहरूको खाका बनाउने ट्रान्जिसन योजना समावेश हुनुपर्छ।



## श्रोतसाधनहरू

तुलना चार्ट IFSP vs IEP: https://bit.ly/36XlvYI
PA मा प्रारम्भिक सहयोगका बारेमा परिवार परिचय: https://bit.ly/2RYx8dK
प्रारम्भिक सहयोगका बारेमा संक्षिप्त जानकारी: https://bit.ly/31qP6IP
अभिभावक अधिकार सम्झौता—व्याख्यासहित: https://bit.ly/2UwFMSe
प्रारम्भिक सहयोगमा समस्या समाधान: https://bit.ly/2Ou8LTb
प्रारम्भिक सहयोगमा प्रक्रियागत सुरक्षाहरू: https://bit.ly/398LRbG
स्टुडेन्ट स्न्यापशट: https://bit.ly/2Upr1AP
वाच मि ग्रो !: https://bit.ly/381PgJs

PEAL CENTER

*थप जानकारीका लागि PEAL सेन्टरमा सम्पर्क गर्नुहोस्।*

**वेबसाइट: www.pealcenter.org • इमेल: info@pealcenter.org • टोल-फ्रि: 866-950-1040**

**@PEALCenter @PEALyouth**